**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०६ जून २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- **गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा भूमि बन्दरगाह व्यवस्थापन प्रणाली एलपीएमएसको सुरुवात गर्नुहुनेछ।**

- **केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याणमंत्री जे.पी.नड्डाले आज पी.एम. सुरक्षित मातृत्व अभियानको 10 वर्ष पूरा भएकोमा राष्ट्रव्यापी उत्सवको उद्घाटन गर्नु हुनेछ।**

- **विशाखापट्टनम स्टील प्लान्टमा भएको आगलागीमा आठजनाको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन्।**

- **केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी पाँच वर्षमा भारतको औषधि उद्योग दोब्बर हुने अपेक्षा गरिएको बताउनु भएको छ।**

- नेपालका विदेशमन्त्री शिशिर खनाल अर्को हप्ता चीन भ्रमणमा जानु हुनेछ।
- फिलिपिन्समा ७.८ तीव्रताको शक्तिशाली भूकम्पमा परि ३५ जनाको मृत्यु भएको छ तथा अन्य २०० भन्दा बढी घाइते भएका छन्।

**<u>शाह- एलपीएमएस शुभारंभ</u>**

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा भूमि बन्दरगाह व्यवस्थापन प्रणाली एलपीएमएसको सुरुवात गर्नुहुनेछ। यसको उद्देश्य प्रविधिमा आधारित समाधानहरूमार्फत सीमापार व्यापार र यात्री आवागमनलाई अझ सहज, पारदर्शी र सुरक्षित बनाउने हो। यो पहलले स्मार्ट सीमा व्यवस्थापनप्रति सरकारको प्रतिबद्धतालाई पनि प्रतिबिम्बित गर्दछ।
थप जानकारी हाम्रो संवाददाताबाट ...बाइट

**<u>नड्डा - प्रधानमन्त्री मातृत्व अभियान</u>**

केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा प्रधानमन्त्रीको सुरक्षित मातृत्व अभियानको 10 वर्ष मनाउन राष्ट्रव्यापी उत्सवको उद्घाटन गर्नु हुनेछ । यस अभियानको उद्देश्य सुरक्षित गर्भावस्था र मातृत्व सुनिश्चित गर्नु हो। प्रधानमन्त्री नरेन्द्र मोदीले 9 जून , 2016 मा यो योजना सुरु गर्नु भएको हो, जस अन्तर्गत गर्भवती महिलाहरूलाई निःशुल्क र गुणस्तरीय प्रसूति स्वास्थ्य सेवाहरू प्रदान गरिन्छ। समारोहमा श्री नड्डाले ७५ रुपियाँको स्मारक सिक्का र ५ रुपैयाँको हुलाक टिकट पनि जारी गर्नु हुनेछ।

**<u>कुमारस्वामी, विशाखापट्टनम</u>**

विशाखापट्टनम स्टील प्लान्टमा भएको आगलागीमा आठजनाको मृत्यु भएको छ भने अन्य छजना घाइते भएका छन्, जसमध्ये दुईजनाको अवस्था गम्भीर छ। स्टील मन्त्रालयका अनुसार पग्लिएको स्टीलको कास्टिङ प्रक्रियाको क्रममा दुर्घटना भएको हो। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति गहिरो समवेदना व्यक्त गरेका छन्। प्रधानमन्त्रीले मृतकका परिवारलाई २ लाख रुपैयाँ र घाइतेलाई ५० हजार रुपैयाँको राहत घोषणा गर्नु भएको छ।केन्द्रीय स्टील मन्त्री एच.डी. कुमारस्वामी र नागरिक उड्डयन मन्त्री राममोहन नायडूले हिज राति दुर्घटनास्थलको भ्रमण गर्नु भएको थियो। श्री कुमारस्वामीले मृतकका परिवारलाई २५ लाख रुपैयाँ र घाइतेलाई २५ लाख रुपैयाँको राहत, साथै उनीहरूका छोराछोरीलाई निःशुल्क शिक्षाको घोषणा गर्नु भयो। आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले पनि मुख्य सचिव, जिल्ला कलेक्टर र अन्य अधिकारीहरूसँग स्थितिको समीक्षा गर्नु भयो। दुर्घटनाको अनुसन्धान सुरु गरिएको जानकारी प्राप्त भएको छ।

**सरकारको १२ वर्ष - स्वास्थ्य क्षेत्र**

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतले सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयासको सिद्धान्तमा आधारित विगत १२ वर्षमा उल्लेखनीय प्रगति गरेको छ। यस अवधिमा सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणका लागि धेरै प्रमुख योजनाहरू सुरु गरेको छ।आकाशवाणीले विगत १२ वर्षमा विभिन्न प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूमा विशेष श्रृंखला प्रस्तुत गर्दैछ।आजको विशेष कार्यक्रममा हामी स्वास्थ्य सेवाको क्षेत्रमा सरकारको पहलहरूको बारेमा छलफल गर्नेछौं।

प्रस्तुत छ एक रिपोर्ट ...बाइट

**नेपाल के विदेश मंत्री-चीन यात्रा**

नेपालका विदेशमन्त्री शिशिर खनाल अर्को हप्ता चीन भ्रमणमा जानु हुनेछ। यो भ्रमण उहाँको हालैको भारत भ्रमणपछि हुन गइरहेको छ।नेपाल सरकारका स्रोतहरू अनुसार श्री खनाल १४ जून देखि चीनको यात्रामा प्रस्थान गर्नु हुने सम्भावना छ। त्यहाँ उहाँले चिनियाँ विदेशमन्त्री वाङ यी र चिनियाँ कम्युनिष्ट पार्टीका अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ हाइक्सिङसँग भेटवार्ता गर्ने सम्भावना छ।भ्रमणको क्रममा दुई देशबीचको द्विपक्षीय सम्बन्धसँग सम्बन्धित विभिन्न विषयमा छलफल हुनेछ। यसअघि, भारत भ्रमणको क्रममा श्री खनालले विदेशमन्त्री डा. एस. जयशंकर र भारतीय जनता पार्टीका नेताहरूसँग भेटघाट गरेका थिए।

**फिलीपींस भूकंप**

फिलिपिन्सको दक्षिणी द्वीप मिन्डानाओको तटमा ७.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ जसमा परि लगभग ३५ जनाको मृत्यु भएको छ तथा अन्य २०० भन्दा बढी घाइते भएका छन्। यो भूकम्पको केन्द्र ३३ किलोमिटर जमीन मुनि थियो, जसको केन्द्रबिन्दु सारंगानी प्रान्तको मासिम शहरबाट लगभग ३२ किलोमिटर दक्षिणपश्चिममा रहेको थियो।

भूकम्पपछि फिलिपिन्स, इन्डोनेसिया, जापान र अष्ट्रेलियामा सुनामीको चेतावनी जारी गरियो, जसलाई पछि फिर्ता लिइयो। हाल राहत र उद्धार कार्य भइरहेको छ। अधिकारीहरू अनुसार, विपत्तिबाट लगभग १०,००० परिवार विस्थापित भएका छन्।

**भूकंप-मेक्सिको-क्यूबा**

मेक्सिकोको खाडी क्षेत्रमा हिजो राति ६.१ तीव्रताको भूकम्प गयो। भूकम्प २८ किलोमिटर भुंईमूनि गएको थियो। यसको केन्द्रबिन्दु क्युबाको पश्चिमी तट नजि थियो। क्युबा, मेक्सिको र अमेरिकाको फ्लोरिडाका धेरै क्षेत्रमा भूकम्पको झटकाहरू महसुस गरियो। भूकम्पले हवाना र वरपरका क्षेत्रहरूमा भवनहरू हल्लिन थालेकोले मानिसहरूमा त्रास देखियो। यद्यपि, अहिलेसम्म कसैको पनि हताहती वा ठूलो क्षय-क्षतिको खबर छैन।

**अमेरिकी अदालत - H-1-B भिसा शुल्क**

अमेरिकाको एक संघीय अदालतले H-1B भिसा आवेदनमा लगाइएको एक लाख अमेरिकी डलर शुल्क अवैध घोषित गरेको छ। यो शुल्क राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा प्रस्ताव गरिएको हो। अदालतले कांग्रेसको स्वीकृतिबिना यस्तो शुल्क

लगाउन नसकिने बताएको छ । अमेरिकामा रहेका भारतीय मूलका धैरै संस्थाले यो निर्णयको स्वागत गरेका छन् । यसले H-1B भिसासँग सम्बन्धित व्यक्तिहरूलाई राहत दिने र प्रणालीमा स्पष्टता आउने उनको भनाइ छ। H-1B भिसा मार्फत, अमेरिकी कम्पनीहरूले विश्वभरीका दक्ष पेशेवरहरूलाई रोजगारी दिन्छन्।